# सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

## (Recovery and Accelerated Learning –ReAL Plan 2023–2028)

# कार्यान्वयन सहजीकरण पुस्तिका

Recovery and Accelerated (ReAL) Plan

TRM

Implementation

Diagnostic Tools and Gudelines

Training



नेपाल सरकार
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
**शिक्षा विकास तथा समन्वय इकाइ, कास्की**

Website: kaski.edcu.gov.np | Facebook page: EDCU, KASKI
सम्पर्क ०६१-५७१०९७, ०६१-५७११४७

**Real Plan कार्यान्वयन**

Real Plan कार्यान्वयनका लागि प्र.अ.ले २ दिनको तालिम र Diagnostic Toools प्राप्त गरिसकेपछि विद्यालयमा कक्षा ३ देखि ८ सम्मका सम्बन्धित विषय शिक्षकहरूलाई तोकिएबमोजिम यो सहजीकरण पुस्तिका र Diagnotic Tools तथा अनुसूची १ को Guideline को बारेमा अभिमुखिकरण सञ्चालन गर्नुपर्दछ । परीक्षण सञ्चालन तथा उत्तर पुस्तिका परीक्षण गरी उक्त तथ्याङ्कलाई Excel फाइल र IEMIS मा प्रविष्टि गराउनुपर्दछ । यो काम सुरुमा Baseline परीक्षण सञ्चालन भएपछि गर्नुपर्दछ । त्यसपछि आवश्यक नयाँ सिकाई रणनीति अनुसार सुधारात्मक शिक्षण सञ्चालन गर्नुपर्दछ । विद्यार्थीको तह र प्रश्नको स्तर पत्ता लगाएपछि लगभग ३ महिना Enfline परीक्षण सञ्चालन गरी IEMIS मा तोकिएबमोजिम विवरण भर्नुपर्दछ ।

### कास्की जिल्ला: विद्यार्थीहरूको उत्तीर्ण दर

| Level | G1-5 | | | G6-8 | | | G9-10 | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| Annapurna Rural Municipality | 86.5 | 87.5 | 87.0 | 94.1 | 92.6 | 93.4 | 95.3 | 95.1 | 95.2 |
| Machhapuchhre Rural Municipality | 85.8 | 80.5 | 83.1 | 90.5 | 92.3 | 91.4 | 90.3 | 89.1 | 89.7 |
| Madi Rural Municipality | 81.7 | 77.3 | 79.5 | 92.4 | 91.9 | 92.2 | 94.5 | 91.8 | 93.1 |
| Pokhara Metropolitan City | 95.2 | 94.3 | 94.8 | 97.1 | 94.5 | 95.8 | 96.6 | 97.3 | 96.9 |
| Rupa Rural Municipality | 91.6 | 89.4 | 90.5 | 95.0 | 94.4 | 94.7 | 88.6 | 91.1 | 89.9 |
| Kaski District | 88.7 | 80.4 | 84.5 | 90.5 | 84.8 | 92.2 | 93.5 | 97.3 | 95.4 |
| Gandaki Province | 88.8 | 88.6 | 88.7 | 95.1 | 93.9 | 94.7 | 95.9 | 95.6 | 95.7 |
| Nepal | 88.8 | 88.3 | 88.5 | 95.6 | 94.6 | 95.1 | 96.7 | 96.6 | 96.6 |

### कास्की जिल्ला: विद्यार्थीहरूको दोहोऱ्याउने दर

| Level | G1-5 | | | G6-8 | | | G9-10 | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| Annapurna Rural Municipality | 7.2 | 6.5 | 6.8 | 0.8 | 1.1 | 1.0 | 2.6 | 3.3 | 2.9 |
| Machhapuchhre Rural Municipality | 8.9 | 14.3 | 11.9 | 4.1 | 3.2 | 3.6 | 7.2 | 8.8 | 8.0 |
| Madi Rural Municipality | 10.4 | 16.2 | 13.5 | 2.8 | 3.6 | 3.2 | 2.2 | 4.4 | 3.4 |
| Pokhara Metropolitan City | 2.7 | 3.2 | 3.0 | 1.4 | 3.3 | 2.4 | 2.7 | 2.2 | 2.5 |
| Rupa Rural Municipality | 3.7 | 4.7 | 4.2 | 1.7 | 2.7 | 2.1 | 8.2 | 6.1 | 7.3 |
| Kaski District | 4.1 | 3.6 | 3.9 | 0.0 | 7.9 | 3.3 | 4.6 | 5.0 | 4.8 |
| Gandaki Province | 6.3 | 7.3 | 6.8 | 1.4 | 2.7 | 2.1 | 2.7 | 3.2 | 2.9 |
| Nepal | 7.5 | 8.0 | 7.8 | 1.0 | 1.7 | 1.4 | 2.1 | 2.4 | 2.2 |

### कास्की जिल्ला: विद्यालय छाड्ने दर

| Level | G1-5 | | | G6-8 | | | G9-10 | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| Annapurna Rural Municipality | 5.1 | 5.0 | 5.0 | 4.8 | 6.0 | 5.4 | 1.7 | 1.3 | 1.5 |
| Machhapuchhre Rural Municipality | 4.0 | 4.2 | 4.1 | 5.1 | 4.2 | 4.6 | 2.0 | 1.8 | 1.9 |
| Madi Rural Municipality | 6.6 | 5.5 | 6.0 | 4.5 | 4.2 | 4.3 | 2.8 | 3.6 | 3.2 |
| Pokhara Metropolitan City | 0.9 | 1.4 | 1.2 | 1.3 | 1.9 | 1.6 | 0.2 | 0.2 | 0.2 |
| Rupa Rural Municipality | 3.5 | 4.9 | 4.2 | 3.0 | 2.7 | 2.9 | 2.7 | 2.5 | 2.6 |
| Kaski District | 8.8 | 15.0 | 11.1 | 9.2 | 13.0 | 10.4 | 1.9 | 1.9 | 1.9 |
| Gandaki Province | 3.1 | 3.1 | 3.1 | 3.2 | 3.2 | 3.2 | 1.0 | 0.9 | 1.0 |
| Nepal | 2.5 | 2.7 | 2.6 | 3.1 | 3.3 | 3.3 | 0.7 | 0.8 | 0.7 |

*स्रोत:* IEMIS Report 2079,CEHRD



शिक्षा विकास तथा समन्वय इकाइ कास्की परवारका साथमा स्थानीय तहमा कार्यरत शिक्षा महाशाखा/शाा प्रमुख ज्यूहरु

# शिक्षा विकास तथा समन्वय इकाइको जिल्लाका सवै सामुदायिक र संस्थातग (शैक्षिक गुठी समेत) तथा परम्परागत विद्यालयहरूलाई निर्देशन:



१. हरेक विद्यार्थीले सवै पुर्वाधार सहित व्यवस्थिति भएको विद्यालय र कक्षाकोठामा सिकाइको अवसर पाउनुपर्छ । यसका लागि कक्षामा बसाइ व्यवस्थापन सुरक्षित भवन तथा शौचालय स्वच्छ पिउनेपानी लाइब्रेरी विज्ञान प्रयोगशाला आदिको व्यवस्थालाइ प्राथमिकतामा राख्नुपर्दछ ।

२. विव्यसले अनिवार्य रूपमा विद्यालय सुधार योजना निर्माण गरी विद्यार्थीहरूको सिकाइ उपलब्धि सुधारसँग सम्बन्धित कार्यक्रमहरूलाइ यीजनामा समावेश गरी कार्यान्वयन गर्नुगराउनु पर्दछ । विद्यालय सुधार योजना ५ वर्षका लागि निर्माण गरेपछि हरेक वर्षका लागि वार्षिक कार्यान्वयन योजना (Annual Implementation Plan) निर्माण गरी कार्यान्वनय गर्नुपर्दछ ।

३. ज्ञानलाई सिपसंग जोड्ने गरी विद्यार्थीहरूलाई परियोजना र प्रयोगात्मक कार्यमा सक्रिय गराउनुपर्ने गरी विद्यालय तहको कक्षा १ देखि १२ को पाठ्यक्रम शैक्षिक सत्र २०८० देखि कार्यान्वयनमा आएको सन्दर्भमा अव सिकाइ रणनीति नयाँ ढङ्गवाट अगाडि बढाउन विद्यार्थीको सिकाइ सुधारका लागि योजना निर्माण र कार्यान्वयनमा जोड दिइ संविधान प्रदत्त मौलिक हकको सुनिश्चितता गर्नु सवै शिक्षा सरोकारवालाहरूको उत्तरदायित्व र जिम्मेवारी हो ।

४. विद्यालयहरूले विद्यालयमा जाने ससर्त अनुदानका कार्यक्रमहरु कार्यान्वयन गर्दा शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको वेभसाइट www.cehrd.gov.np वाट कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/०८१ डाउलोड गरी सो निर्देशिकाले उल्लेख गरेको विषय र शिर्षकमा मात्र खर्च गर्नुगराउनु हुन ।

५. विद्यार्थीहरूको सिकाई उपलब्धिमा सुधार गर्नका लागि सवै विद्यार्थीको नियमित उपस्थिती दर शतप्रतिशत हुनुपर्दछ । विद्यालयहरूले अभिभावकहरूका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्दछ । विद्यार्थी नियमित नभएका अभिभावकसँग सम्पर्क गरी Traking गर्ने कार्यमा विद्यालय सजग हुनपर्दछ । विद्यालय विद्यार्थी र अभिभावकको त्रिकोणात्मक सम्वन्धबाट मात्र नियमिततामा सुधार गर्न सकिन्छ ।



६. शैक्षिक सत्र २०८० देखि विद्यालय तहको कक्षा १ देखि १२ सम्म नयाँ पाठ्यक्रम कार्यान्वनय भइरहेको सन्दर्भमा पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरको वेभसाइट www.moecdc.gov.np वाट नयाँ पाठ्यक्रम लेटर ग्रेडिङ पद्धती कार्यान्वयनका लागि सहयोगी पुस्तिका २०७९, विद्यार्थीहरूको आन्तरिक मूल्याङ्कन मापदण्ड २०८० शिक्षक निर्देशिका विशिष्टिकरण तालिका आदि डाउनलोड गर्न सकिन्छ ।

७. विभेदरहित वातावरणको सिर्जना गरी वालमैत्री विद्यालयका सूचकहरूलाइ कार्यान्वयन गर्ने कार्यका लागि विद्यालय सुधार योजनामा शिक्षाका अन्तरसम्बन्धितमुद्दाहरूलाई समावेश गरी कार्यान्वयन गर्नुगराउनु पर्दछ ।

८ विद्यालयले समयमै IEMIS भर्ने तथा अनलाइनमा तोकिएको प्रकृया अनुसार अपडेट गर्नुपर्ने ।

९ विद्यालय सुशासनको पहिलो र अनिवार्य शर्त सामाजिक परीक्षण भएकोले विद्यालयहरूले तोकिएको समयभित्र सामाजिक परीक्षण सम्पन्न गरी एक प्रति शिक्षा विकास तथा समन्वय इकाइ, कास्कीमा अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।